नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१७२ दायर मिति:-२०८१/०७/२१**

**फैसला मितिः-२०८१/०८/१६**

**वादी**

**शम्भु मिश्रको जाहेरीले**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.११ बस्ने सोनालाल महतो धानुकको छोरा बर्ष ४७ को शम्भु महतो धानुक.........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात तथा सांघातिक हमलाको प्रयास गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्ने प्रयास गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. म र जाहेरवाला बिच जग्गाको विषयमा भनाभन भएको हो । मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात तथा सांघातिक हमलाको प्रयास गरेको छैन भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात तथा सांघातिक हमलाको प्रयास गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका प्रभु महतो समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले ईन्कारी बयान गरेता पनि मिति २०८१।०७।०६ गते अं.१८:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.११ स्थित सडकमा जग्गा जमिनको बिषयलाई लिई प्रतिवादी शम्भु महतो धानुकले मलाई ५/७ जनाको घेरामा हाली तपाईले मेरो बिरूद्धमा प्रहरीमा किन उजुरी गरेको भन्दै बिभिन्न किसिमका अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात तथा सांघातिक हमलाको प्रयास गरी अभद्र ब्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी बिभिन्न किसिमका अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात तथा सांघातिक हमलाको प्रयास गरी अभद्र ब्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी शम्भु महतो धानुकलाई कैद दिन १४ र जरिवाना रु.४५००/- अक्षेरपी चार हजार पाँच सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी शम्भु महतो धानुकलाई ठहरेको कैद दिन १४ को हकमा निज मिति २०८१/०७/०७ देखि २०८१/०७/२० सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.१२६/२०८१/०७/२१ बाट दाखिला गरेको धरौटी रकम रु४५००/- बाट जरिवाना रकम रु.४५००/- कट्टी गर्नु------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिदिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ मंसिर महिना १६ गते आईतवार रोज १/ ने.सं. ११४५ कछलागा आमै, शुभम् ........